# दुहुँ गाउँपालिका गाउँसभाको अठारौँ अधिवेशनमा अध्यक्ष श्री नरेन्द्रबहादुर सिंह बडालज्यूले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८३।०८४ को वार्षिक नीति तथा कार्यक्रम

दुहुँ गाउँपालिका
हिकिला,दार्चुला
सुदूरपश्चिम प्रदेश
नेपाल

गाउँसभाका सदस्य ज्यू,

**"समृद्ध दुहुँ: सुखी दुहुँ बासी"** को महान सोच र **"सामाजिक एकता र आर्थिक समृद्धीको आधार, सुशासन पारदर्शिता र जवाफदेहिता सहितको दुहुँ सरकार"** भन्ने लक्ष्य राखि दुहुँ गाउँपालिकाको अध्यक्षको रुपमा हाम्रो कार्यकालको पाचौँ वार्षिक नीति तथा कार्यक्रम सम्मानित गाउँसभा समक्ष प्रस्तुत गर्न पाउँदा हर्षित महशुस गरेको छु ।

यस अवसरमा नेपालमा नागरीक सर्वोच्चता र लोकतन्त्रको स्थापना तथा मुलुकको समृद्धी र अग्रगमनका लागि इतिहासको विभिन्न कालखण्डमा भएका राजनीतिक क्रान्ती लगायत वलिदानीपूर्ण संघर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रन्दान्जली अर्पण गर्दछु । साथै मुलुकको राजनीतिक परिवर्तनका लागि विभिन्न समयमा नेतृत्व प्रदान गर्नु हुने श्रदेय नेताहरु सहित सम्पूर्ण नेपाली एवं दुहुँबासी जनतामा हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

**"समृद्ध दुहुँ सुखी दुहुँबासी"** भन्ने महान सोचका साथ अघि बढेको वर्तमान सरकार **"सामाजिक एकता र आर्थिक समृद्धीको आधारः सुशासन पारदर्शिता र जवाफदेहिता सहितको दुहुँ सरकार"** लक्ष्य राखि आर्थिक वर्ष २०८३।०८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा हर्षित महशुस गरेको छुँ । हाम्रो सरकारका लागि दुहुँको धर्ती, यहाँको प्रकृति, यहाँको संस्कृति, दुहुँ र दुहुँबासीको समृद्धि, स्वाभिमान र गौरव भन्दा ठुलो अरु केही छैन । सरकारले आफ्ना सोच र कार्यक्रमहरुलाई दुहुँको भूमि, प्रकृति, संस्कृति र नागरीकको संरक्षण, विकास र सदुपयोग गर्ने, समग्र विकासलाई तिव्रता दिने एवं दुहुँबासीको मान सम्मान स्वाभिमान र गौरव बढाउने तर्फ पूर्ण इमान र सामर्थका साथ केन्द्रित गरेको छ ।

यो सरकारले दुहुँ बासी जनतासंग गरेको प्रतिवद्धता अनुरुप **"समृद्ध दुहुँ : सुखी दुहुँबासी"** को आकाङ्क्षा पुरा गर्न दृढ अठोटका साथ अगाडि बढिरहेको छ । यस सरकारले प्रस्तुत गरेका प्रतिवद्धताहरु अघिल्लो चार आर्थिक वर्षको नीति तथा कार्यक्रम मार्फत क्रमशः कार्यान्वयन हुदै आएका छन । सरकारको दृष्टिकोण स्पष्ट छ, गन्तव्य निश्चित छ, लक्ष्यहरु निर्धारित छन, नीति र कार्यक्रम जनमुखी एवं कार्यान्वयन परिणाममुखी छ । सरकार चार वर्षको अन्तरमा उत्साहवर्द्धक उपलब्धी हासिल गर्न सफल भएको छ । यस अवधिमा सामाजिक विकास, भौतिक विकास प्रगतिले समृद्ध दुहुँ निर्माणका लागि बलियो आधारशिला निर्माण हुदै छ ।

गाउँसभाका सदस्य ज्यू,

संघ र प्रदेशबाट प्राप्त हुने अनुदानहरुमा कटौती भएको छ, जनताका इच्छा चाहाना र आवश्यकताहरु असीमित छन तर साधन र श्रोत भने सीमित छन । सीमित श्रोत तथा साधनको वैज्ञानिक र प्रभावकारी तरिकाले प्रयोग गरी समृद्ध दुहुँबासी बनाउने हुटहुटी सरकारसंग रहेको छ । आर्थिक क्रियाकलाप, रोजगारी सृजना, उत्पादनशील क्षेत्र, विकास निर्माण कार्य र सामाजिक जनजीवनमा थप क्षति हुन नदिई सुचारु गरी तिव्रता दिने, आर्थिक उपलब्धी र विकासका प्रतिफलहरुको समन्यायिक वितरण गरीने छ

यस सरकारले गुणस्तरीय स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई सेवामा सबै दुहुँबासीको समतामुलक पहुच हुने गरी कार्यक्रम संचालन गर्ने छ ।

गाउँसभाका सदस्य ज्यू,

**“समृद्ध दुहुं : सुखी दुहुं बासी”** को महान सोच र **“सामाजिक एकता र आर्थिक समृद्धीको आधार, सुशासन पारदर्शिता र जवाफदेहिता सहितको दुहुँ सरकार”** भन्ने लक्ष्यका साथ आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम सार्वजानिक गर्न गइरहेको छु । शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि, महिला तथा बालबालिका, सूचना तथा सञ्चार, श्रम तथा रोजगार, पूर्वाधार, विपद् व्यवस्थापन, लघु उद्यम, पर्यटन पर्वद्धन तथा संस्कृति, भूमि सुधार वन तथा वातावरण, उर्जा, सिचाइ, खानेपानी, स्थानीय पूर्वाधार, सहकारी, पञ्जिकरण, न्यायिक कार्यसम्पादन, आयुर्वेद, पशु विकास जस्ता क्षेत्रहरुलाई प्राथमिकताका साथ समेटी नीति तथा कार्यक्रम प्रस्तुत गरीरहेको छु ।

**सोच**: **“समृद्ध दुहुँ : सुखी दुहुँबासी”**

**लक्ष्य: “सामाजिक एकता र आर्थिक समृद्धीको आधार; सुशासन, पारदर्शिता र जवाफदेहिता सहितको दुहुँ सरकार”**

## उद्देश्य

१. शिक्षा र स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राख्दै गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको सुनिश्चितता गर्ने

२. स्थानीय उत्पादनको बजारीकरण र विपन्न वर्गलाई संरक्षण गरी आय आर्जनका कार्यक्रमहरु संचालन गर्ने

३. स्थानीय आवश्यकता र सम्भाव्यताको आधारमा प्राथमिकीकरण गरी दिगो पूर्वाधार निर्माण गर्ने

४. कृषि, पशुपालन, सहकारी लघु उद्यम, पर्यटन जस्ता आयमूलक क्षेत्रहरुमा युवा हरुलाई संलग्न गराइ स्वरोजगारी सृजना गर्ने

५. सुशासनको अभिवृद्धि गर्दै सेवा प्रवाहलाई सेवामैत्री र जनमुखी बनाउने

६. विनाशकारी बाढी पहिरोका कारण प्रभावित जन समुदायका लागि उचित क्षतिपुर्ति तथा पुनर्स्थापना र पुनर्निर्माणका लागि बाँकी रहेका प्रक्रियाहरु छिटोछरितो सम्पन्न गर्ने

७. बस्तिहरुको विकासका लागि रणनीतिक योजना, कार्यक्रम, भू उपयोग तथा विकास नीति अवलम्बन गर्ने

८. शिक्षा, स्वास्थ्य र जनजीविकाको उन्नयन र लगानीमा वृद्धी गर्ने

९. नवीनतम सूचना तथा संचार प्रविधिको प्रयोग गरी छिटोछरितो सेवाप्रवाहका साथै सुशासन, पारदर्शिता र जवाफदेहिता कायम गर्ने

## प्राथमिकताहरुः

१. जनताको जीवनस्तर, रोजगारी र आम्दानी
२. स्थानीय सहभागिता जूटाउने र स्वयमसेवा परिचालन
३. महिला बालबालिका तथा पिछडिएको क्षेत्रलाई प्रत्यक्ष लाभ
४. लैंगिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि
५. भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सदभाव तथा एकता अभिवृद्धिमा सघाउ
६. जनजीविका र विकासका लागि अत्यावश्यक रहेका भौतिक पूर्वाधार
७. सूचना प्रविधिको प्रयोगले छिटो छरितो र प्रभावकारी रुपमा सेवा प्रवाह
८. सेवा प्रवाह, संस्थागत क्षमता विकास, पारदर्शिता र सुशासन अभिवृद्धि
९. परम्परागत धर्म, संस्कृति, चाडँपर्व मेला, आदिको माध्यमबाट पर्यटन पर्वद्धन
१०. वातावरण संरक्षण दिगो विकास विपद् व्यवस्थापनमा टेवा पुऱ्याउने
११. राजश्व संकलनमा अभिवृद्धि

## आधारहरु

१. नेपालको संविधान
२. नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरण प्रतिवेदन
३. संघीय तथा प्रदेश सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु
४. प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु
५. आवधिक योजनाहरुले तय गरेका प्राथमिकताहरु
६. नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु
७. स्थानीय सरकार संचालन ऐन, २०७४ तथा विभिन्न नियमावलीका प्रावधानहरु
८. राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४
९. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
१०. संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना
११. दुहुँ गाउँपालिकाका जनताहरुको अपेक्षा, आवश्यकता र सुझावहरु
१२. स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४
१३. स्थानीय तह क्षेत्रगत नीति, रणनीतिहरु योजना तथा अध्ययन प्रतिवेदनहरु
१४. विकासका समसामयिक मुद्दाहरु
१५. अन्य विषयहरु

## प्राथमिकताका क्षेत्रहरु

१. आर्थिक विकास क्षेत्र
२. सामाजिक विकास क्षेत्र
३. भौतिक पूर्वाधार विकास क्षेत्र
४. संस्थागत विकास, वित्तिय व्यवस्था र सुशासन विकास क्षेत्र
५. वातावरण संरक्षण तथा विपद् व्यस्थापन

## समष्टिगत नीतिहरुः

१. शिक्षा क्षेत्रलाई पहिलो प्राथमिकतामा राखी शैक्षिक क्रियाकलापमा नवप्रर्वतन गरी शिक्षाको गुणस्तर उकास्न विभिन्न कार्यक्रमहरु संचालन गर्न आवश्यक बजेट विनियोजन गरीनेछ।
२. स्वास्थ्य क्षेत्रको व्यवस्थापनमा सुधार गरी महामारी जन्य रोगहरुको नियन्त्रण तथा आधारभूत स्वास्थ्य सेवालाई पहुच युक्त सर्वसुलभ र प्रभावकारी बनाइनेछ।
३. स्थानीय आवश्यकता र सम्भाव्यताको आधारमा प्राथमिकीकरण गरी दिगो पूर्वाधार निर्माण गरीनेछ
४. भौगोलिक विकटतालाई मध्यनजर गर्दै कृषि तथा पशुजन्य उत्पादन वृद्धि गरी बजारीकरणका लागि समन्वय र सहकार्यको माध्यमबाट संस्थागत संरचनाको निर्माणमा जोड दिई विशेष पकेट क्षेत्रको घोषणा मार्फत कृषि र पशुपालनमा आत्मनिर्भर बनाउने नीति अवलम्बन गरीने छ।
५. कृषि, पशुपालन, सहकारी, लघु उद्यम, पर्यटन जस्ता क्षेत्रहरुमा युवाहरुलाई संलग्न गराइ स्वरोजगारी सृजना गरीनेछ।
६. सामाजिक सशक्तिकरण कार्यक्रम अन्तरगत महिला, दलित, बालबालिका, जेष्ठ नागरीक, अपाङ्ग, अल्पसंख्यक एवं सिमान्तकृतहरुका लागि विशेष कार्यक्रम संचालन गरीनेछ।
७. बस्तिस्तरीय भेला तथा वडाहरुबाट प्राथमिकतामा राखिएका क्रमागत तथा अधुरा योजना तथा कार्यक्रमहरु बहुउपयोगी, लागत मितव्ययी, योजनाको संचालन र मर्मत संभारका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिई योजना छनौट गर्ने नीति अवलम्बन गरीने छ
८. गरीव तथा दलित बस्तिहरुमा विभिन्न साझेदारहरुको सहकार्यमा आवश्यक पूर्वाधारहरु जीविकोपार्जन र सरसफाईका कार्यक्रम संचालन गरीने छन।

९. विद्यमान रुढीवादी परम्परा, महिनावारी स्वच्छता व्यवस्थापन, बालविवाह, बहुविवाह, महिला हिंसा समाधान गर्ने विभिन्न सचेतनामूलक कार्यक्रम संचालन गरीने छ।

१०. सार्वजनिक निर्माण कार्यमा स्थानीय प्रविधि, जनशक्ति तथा श्रोत साधनको प्रयोगमा प्राथमिकता दिइनेछ।

११. सबै प्रकारका सामाजिक विकृति विसंगतिहरुलाई न्यूनिकरण गरीनेछ।

गाउँसभाका सदस्य ज्यू,

संघ, प्रदेश र स्थानीय सरकार तथा अन्य श्रोतबाट प्राप्त राजश्व तथा अनुदान रकमको आधारमा **"समृद्ध दुहुँ सुखी दुहुँबासी", "सामाजिक एकता र आर्थिक समृद्धिको आधार सुशासन पारदर्शिता र जवाफदेहिता सहितको दुहुँ सरकार"** निर्माण गर्ने वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरी आगामी आर्थिक वर्ष २०८३।०८४ का मुख्य मुख्य क्षेत्रका नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

१. कृषि उपजमा किटनासक औषधीको प्रयोगलाई निरुत्साहित गर्दै जैविक विषादी र प्राङ्गारिक मलको प्रयोगमा जोड दिइनेछ।

२. बढ्दो बैदेशिक रोजगारीलाई कम गर्न युवाहरुलाई कृषिमा प्रोत्साहन हुने विशेष कार्यक्रम ल्याइनेछ।

३. मौसमी तथा वेमौसमी कृषि उत्पादनका लागि विभिन्न तालिमहरु संचालन गरीने छ।

४. हरेक बस्तिमा भैसी, उन्नत गाई, भेडाबाख्रा, कुखुरापालन कार्यक्रमलाई व्यवसायिक रुपमा संचालनमा ल्याइनेछ। आफ्नो पेशामा उत्कृष्ट उत्पादन गर्ने किसानलाई सम्मानित तथा पुरुष्कृत गरीनेछ।

५. उत्पादन र उत्पादकत्व अभिवृद्धिमा उन्नत विउविजन, कृषि सामग्री र औजारको प्रयोगमा जोड दिइनेछ।

६. घरघरमा कृषि पशु प्राविधिकहरु कार्यक्रम अवलम्बन गरी प्रत्येक महिना अनिवार्य फिल्ड जानु पर्ने व्यवस्था गरीनेछ।

७. सामुहिक भावना बोकेका पालिका भित्रका सहकारी संस्थाहरुको अनुमति, नियमन, विस्तार, प्रशिक्षण सम्बन्धी कार्यक्रम संचालन गरीनेछ।

८. वैदेशिक रोजगारबाट फर्किएका युवाहरुलाई कृषि क्षेत्र तर्फ आकर्षित गरी लगानी गर्न उत्प्रेरित गर्ने नीतिलाई स्वरोजगार तथा आत्मनिर्भर हुने व्यवस्था मिलाइनेछ।

९. निजी क्षेत्रको सहकार्यमा फिल्मी शोध, इको पर्यटन, पदयात्रा र साहसिक पर्यटन र कृषि पर्यटनलाई पर्वद्धन गरीनेछ।

१०. गाउँपालिका अन्तरगतका कृषि तथा पशु प्राविधिकहरुलाई किसानहरुको घरखेतमा नै गएर सेवा दिने कार्यलाई निरन्तरता दिइनेछ।

११. पर्यटकीय स्थानको अनुसन्धान गरी भौतिक पूर्वाधारहरु होमस्टे, ध्यानकेन्द्र, योगकेन्द्र, अध्ययन केन्द्र, कला केन्द्र तथा जीवन विज्ञान प्रयोगशाला विकास गरीनेछ।

१२. गाउँपालिका भित्रका पर्यटकीय क्षेत्र तथा कला संस्कृतिको सूचना तथा जानकारी इन्टरनेटको माध्यमबाट प्राप्त हुने व्यवस्था मिलाइनेछ। गाउँपालिका भित्र रहेका पुरातात्विक महत्वका सम्पदाहरुको भौतिक निर्माण, पुननिर्माण, संरक्षण तथा पर्वद्धन गर्ने नीति ल्याइनेछ।

१३. यातायात गुरु योजनालाई कार्यान्वयन गर्दै लगिनेछ।

गाउँसभाका सदस्य ज्यू,

१४. भाडी धामलाई तिर्थस्थल रुपमा विकास गर्न आवश्यक पुर्वाधार निर्माणको कार्य सञ्चालन गरीनेछ।

१५. भाडि देखि शिद्दटोपी सम्म पर्यटकीय पदमार्ग निर्माण गरीनेछ।

१६. गुणस्तरीय शिक्षाका लागि विद्यालयमा प्रधानाध्यापक र विषयगत शिक्षकका विचमा सूचक सहित कार्यसम्पादन करारलाई नतिजा र मापन योग्य बनाइनेछ।

१७. गुणस्तरीय शिक्षाका लागि सामुदायिक विद्यालय भौतिक पूर्वाधार वृहत शैक्षिक सुधार कार्यक्रम अन्तरगत सुविधा सम्पन्न ६ वटा विद्यालय भवन र ३ वटा खेलमैदानको निर्माण कार्य आर्थिक वर्ष २०८३।०८४ मा सम्पन्न गरीनेछ।

१८. आधारभूत तह (६-८) मा लागु हुने गरी दुहुँको गौरव, संस्कृति, सभ्यता, मूल्य मान्यता र एकताको सम्वर्द्धन सहितको क्षेत्र समेटी स्थानीय पाठ्यक्रम अनुसार स्थानीय विज्ञ सहितको सहभागितामा पाठ्यपुस्तक लेखन कार्य गरीनेछ।

१९. स्थानीय पाठ्यक्रम,शिक्षण सिकाई, शिक्षक, व्यवस्थापन, परिक्षा र मूल्याङ्कन प्रणाली सुधारलाई नियमित रुपमा संचालन गरीनेछ।

२०. विद्यालयहरुको नियमित अनुगमन गर्ने, शिक्षक विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा विद्यार्थीका गुनासा सुन्ने सुधारका उपायहरु अवलम्बन गरीनेछ।

२१. कमजोर आर्थिक अवस्था वा अन्य कारणले विद्यालय बाहिर रहेका बालबालिकाहरुको पहिचान गरी विद्यालयमा भर्ना गरीनेछ।

२२. नियमित रुपमा विद्यालय उपस्थित हुने र सिकाई उपलब्धी उच्च भएका विषयगत, तहगत र लैंगिक रुपमा उत्कृष्ट शिक्षक छनौट गरी हरेक वर्ष पुरुस्कार र सम्मानको नीति ल्याइनेछ।

२३. सामुदायिक विद्यालयहरुमा ब्रोडब्यान्ड इन्टरनेटको जडान कार्यलाई निरन्तरता दिदै विद्युतीय हाजिरी जडान गरीनेछ।

२४. ५ वटै माध्यमिक विद्यालयहरुमा सघन रुपमा स्काउट कार्यक्रम लागु गर्दै एक विद्यालय एक स्काउट र प्रत्येक विद्यालयमा प्राथमिक उपचार कक्ष स्थापना गरीनेछ।

२५. कक्षा ० देखि १२ को शिक्षालाई पूर्ण रुपमा निःशुल्क गर्दै लगिनेछ।

२६. दुहुँ गाउँपालिका अन्तरगतको एकमात्र प्राविधिक विद्यालय श्री जनविकास मा वि बारबाजमा अध्ययन गर्ने दलित बालबालिकालाई प्रोत्साहन स्वरुप छात्रवृतिको व्यवस्था गरीनेछ।

२७. सामुदायिक विद्यालयमा बालमैत्री खानेपानी धारा र सुरक्षित शौचालय निर्माण कार्य गरीनेछ।

२८. आमा बुवा विहिन टुहुरा बालबालिकाको बाच्न पाउने मौलिक हकको सुनिश्चितता गर्दै गाँस, बाँस, कपास र शिक्षाको पूर्ण सुविधा सहित स्थानीय सरकारद्धारा संचालन गरीएको आवासीय अनाथालयलाई थप व्यवस्थित गरीनेछ।

२९. विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि उत्पादन संग जोडि पोषणयुक्त मेनु अनुसार विद्यार्थीहरुलाई खाजा खुवाउने व्यवस्था गरीनेछ।

३०. गाउँपालिकास्तरीय अतिरिक्त क्रियाकलाप संचालन गरी उत्कृष्ट विद्यार्थीहरुलाई पुरुस्कार सहित सम्मान गरी प्रतिभाको खोजी कार्यक्रम लागु गरीनेछ।

३१. प्रारम्भिक बाल विकास कक्षाहरुमा कार्पेट, राउन्ड टेवल सहित डिजिटल प्रविधिको प्रयोग गरी कक्षाकोठाहरु सिकाइमैत्री, मनोरञ्जक र बालमैत्री बनाइनेछ।

३२. विद्यालयहरुमा छात्राहरुसंग ज्ञान र सिपको आदानप्रदान गर्न छात्रासंग उपाध्यक्ष कार्यक्रम संचालन गरीनेछ।

३३. शैक्षिक क्यालेन्डरलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ।

३४. प्रत्येक २/२ महिनामा आधारभूत र माध्यमिक तहको प्रधानाध्यापकको बैठक विभिन्न विद्यालयहरुमा बस्ने व्यवस्था मिलाइनेछ।

३५. प्रत्येक शैक्षिक सत्रमा एउटा विद्यालयलाई नमुना विद्यालय र सूचना प्रविधि सम्पन्न बनाइनेछ।

३६. विद्यालयमा कार्यरत प्रधानाध्यापकहरुको मनोबल वृद्धि गरी पेशाप्रति थप जिम्मेवार बनाउन प्रधानाध्यापकहरुलाई आवश्यक तालिमको व्यवस्था गरीनेछ।

३७. सामुदायिक विद्यालयबाट SEE उत्तीर्ण गरी प्राविधिक शिक्षा अध्ययनको लागि प्रवेशिका परीक्षामा नाम निकाल्न सफल एक एक जना विद्यार्थीलाई MBBS र BE पढ्न ५० प्रतिशत छात्रवृती उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३८. कक्षा ६ देखी कक्षा ९ सम्मको परीक्षा पालिका स्तरीय रुपमा संचालन गरी प्रश्न पत्र तथा उत्तर पुस्तिका सम्बन्धी सम्पूर्ण काम पालिका मार्फत गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

३९. विद्यालयस्तरीय सम्पुर्ण खेलकुद प्रतियोगिताहरु सञ्चालन गर्न जनविकास मा वि बारबाजमा निर्माणाधिन खेल मैदानलाई सुविधा सम्पन्न र व्यवस्थित बनाइनेछ।

४०. प्रत्येक सामुदायिक विद्यालयहरुमा वैकल्पिक उर्जाको व्यवस्था गर्न आवश्यक पहल गरीनेछ।

४१. खेलकुद क्षेत्रको विकास, पूर्वाधारको निर्माण, सिकाई प्रतियोगिता आदिको आयोजना निरन्तर गरीनेछ।

४२. प्रत्येक सामुदायिक विद्यालयमा व्यवस्थित दिवा खाजा भान्सा घर निर्माणको कार्य अगाडि बढाइने छ।

४३. विद्यार्थीहरुको शाररिक, मानसिक र संवेगात्मक सन्तुलन तथा विकासका लागि विद्यालयहरुमा योग शिक्षा लागु गरीनेछ।

४४. पालिकास्तरिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई व्यवस्थित रुपमा संचालन गरीनेछ। उत्कृष्ट खेल प्रदर्शन गर्ने खेलाडी लाई सम्मानको व्यवस्था गरीनेछ।

४५. सुन्दर प्राकृतिक पर्यावरणका बिच रहेको माजक दह खेलमैदानलाई सडक सञ्जाल संग जोड्दै क्रिकेट प्रतियोगिता सञ्चालनका लागि सुविधा सम्पन्न र व्यवस्थित बनाइने छ

४६. युवाहरुको खेल प्रतिभाको विकास र विस्तार गर्न स्थानीय क्लबहरुसंगको सहकार्यमा वडा स्तरीय भलिबल तथा क्रिकेट प्रतियोगिताहरु संचालन गरीनेछ।

गाउँसभाका सदस्य ज्यू,

४७. चौमासिक रुपमा सामुदायमा नै पुगेर जेष्ठ नागरीकहरुलाई स्वास्थ्य सेवा तथा परामर्श सेवा प्रदान गर्न **"हाम्रो अभिमान, जेष्ठ नागरीकको सम्मान- नि:शुल्क स्वास्थ्य सेवा हाम्रो अभियान"** भन्ने नाराका साथ **"अध्यक्षसंग जेष्ठनागरीक स्वास्थ्य सेवा कार्यक्रम"** संचालन गरीनेछ।

४८. स्वास्थ्य जीवनशैली प्रवर्द्धनको लागि स्वस्थ खानपिन, शारीरिक व्यायाम, योग तथा ध्यान विधि प्रवर्द्धन गर्न सबै वडाहरुमा सामुदायिक योग केन्द्र स्थापना गर्दै लगिनेछ भने विद्यालयस्तरमा विद्यालय योग कार्यक्रम लागू एवं विस्तार गरीनेछ ।योग केन्द्रहरु संचालन गर्न योग प्रशिक्षकको व्यवस्था गरीने छ।

४९. निर्माणाधीन १० शैयाको आधारभूत अस्पतालको निर्माण कार्यलाई तिब्रता दिई आगामी बर्ष २०८४ को असार मसान्तसम्म सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ।

५०. पालिका स्तरीय स्वास्थ्य आपतकालीन तथा महामारीको नियन्त्रण योजना बनाई लागु गरीनेछ।

५१. बहुक्षेत्रीय समन्वयमा पोषणमैत्री पालिका घोषणा अभियानको सुरुवात गरीनेछ।

५२. चौबिसै घण्टा सेवा प्रवाह गर्न न्युनतम मापदण्ड अनुसारको सर्वसुलभ र सबैको पहुचमा हुने गरी एम्बुलेन्स सेवा सहित प्रेषण प्रणालीलाई सुदृढ गरीनेछ र जटिल किसिमका बिरामीहरुको लागि स्वास्थ्यकर्मी सहितको एम्बुलेन्स सेवाको व्यवस्था गरीनेछ।

५३. **"दुहुं गाउँपालिका बन्दै छः बा आमालाई सन्चै छ"** भन्ने नारा सहित जेष्ठ नागरीकहरुको स्वास्थ्य परीक्षण घरघरमै गएर त्रैमासिक रुपमा निरन्तर गरीनेछ।

५४. स्वास्थ्य सेवाको विस्तार गाउँपालिकाको जिम्मेवारी भन्ने नाराका साथ सबै नागरीकमा स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गरीनेछ।

५५. "उपाध्यक्ष तपाईको साथमा, तपाईको भविष्य तपाईको हातमा" कार्यक्रम अन्तरगत दलित, एकल महिला, सुत्केरी आमा तथा किशोरीहरुको गुणस्तरीय स्वास्थ्य सुनिश्चितता गरीनेछ।

५६. एक घर एक धारा एक शौचालयको नीति लाई निरन्तरता दिइनेछ।

५७. विभिन्न संघ संस्थाहरुको सहकार्यमा योग अभ्यास र पंचकर्म निर्माण कार्यलाई प्राथमिकताका साथ संचालन गरीनेछ।

५८. उच्च रक्तचाप, मधुमेह, क्यान्सर, दम, मृगौला,कलेजो र महिलाहरुको पाठेघर सम्बन्धी रोगको पहिचान, रोकथाम, परीक्षण र उपचारका कार्यक्रमलाई अभियान तथा घुम्ती सेवाको रुपमा संचालन गरीनेछ।

५९. प्रभावकारी स्वास्थ्य सेवा प्रवर्द्धनका लागि नमूना गाउँ, नमूना स्वास्थ्य संस्था, नमूना स्वास्थ्यकर्मी अभियान सुरु गरी नमूना बन्न प्रोत्साहित गर्दै क्रमिक रुपमा विस्तार गरीनेछ।

६०. अध्यक्षसंग जेष्ठ नागरीक स्वास्थ्य परीक्षण कार्यक्रम मार्फत प्रत्येक वडा स्तरीय सेवा केन्द्रबाट ७० वर्ष माथिका नागरीकहरुको रक्तचाप, आल्बुमिन र मधुमेह निशुल्क जाँच गर्ने व्यवस्था गरीनेछ।

६१. गर्भवती तथा सुत्केरी महिलालाई जिल्ला अस्पतालसम्म निशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ।

६२. स्थानीय जडिबुटी प्रशोधन कार्यक्रमका लागि विभिन्न अनुसन्धानात्मक संस्थाहरु संग सहकार्य गरीनेछ।

६३. स्वास्थ्य सेवा अन्तरगतका सेवाहरुलाई डोर टु डोरका रुपमा विस्तार गरीनेछ।

६४. स्वास्थ्य सेवाको माग पक्षलाई थप सबल बनाउन नागरीकको घरदैलोमा स्वास्थ्य पहुच पुऱ्याउन महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई परिचालन गरीनेछ।

६५. समुदायमा आधारित स्वास्थ्य स्वंयसेवक, स्वास्थ्य आमा समूह, टोल विकास संस्था जस्ता संघ संस्था र आम नागरीकको पहिचान गरी सचेतनामूलक गतिविधि संचालन गरीनेछ ।

६६. महिला स्वास्थ्य स्वंयसेविकाको कामको आधारमा प्रोत्साहन तथा पुरुस्कृत गर्ने प्रक्रिया अगाडि बढाइनेछ ।

६७. गरीव, सिमान्तकृत दलित, महिला, बालबालिका, जेष्ठ नागरीक, अशक्त तथा अपाङ्ग भएका तथा दीर्घ रोगीहरुलाई स्वास्थ्यमा पहुँच स्थापित गरीनेछ ।

६८. विद्यालयमा पुगेर विद्यार्थीहरुको आखाँ परीक्षण गरीनेछ । स्वास्थ्य शिविर, विशेष स्वास्थ्य जाँच जस्ता लक्षित कार्यक्रम टोलस्तर सम्म लागु गरीनेछ ।

६९. मुटुरोग, मृगौला रोग, क्यान्सर, मष्तिष्कघात, पार्किडसन्स, अल्जाइमर, स्पाइनल इन्जुरी, हेड इन्जुरी, लिभर रोग, जटिल किसिमले बलेको जस्ता कडा रोगीहरुलाई मात्र आर्थिक सहायता दिने र सोही बमोजिमको मात्रै वडाबाट सिफारिसको व्यवस्था गरीनेछ

७०. बर्थिङ सेन्टरमा कार्यरत अ. न. मी. हरुलाई नाइट डियुटी प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७१. ५० वर्ष पुगेका एकल पुरुष र ४० वर्ष नाघेका एकल महिला हरुलाई मासिक भत्ता प्रदान कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

७२. नागरीक आरोग्य केन्द्र ब्रहमदेवलाई थप व्यवस्थित र विस्तार गरीनेछ र घुम्ती शिविर संचालनमा ल्याइनेछ ।

७३. बहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न १ वर्ष भित्र दुहुँ गाउँपालिकालाई पोषण मैत्री गाउँपालिका बनाउन पहल गरीने छ ।

७४. सुनौला हजार दिने आमा तथा किशोरीहरु र दलित समुदायमा लक्षित पोषण कार्यक्रम संचालन गरीने छ ।

७५. नेपाल सरकारको बहुक्षेत्रीय पोषण योजना तेस्रो कार्यान्वयन का लागि लक्षित वर्ग पहिचान गरी पोषण विशेष तथा पोषण संवेदनशिल कार्यक्रम कार्यान्वयन गरीने छ ।

७६. विद्यालय पोषण सप्ताह तथा पोषण सम्बन्धी अतिरिक्त कार्यक्रम संचालन गरीनेछ ।

गाउँसभाका सदस्य ज्यू,

७७. गाउँपालिका क्षेत्र भित्रका टुहुरा, अनाथ, असहाय तथा विपन्न विद्यार्थीहरुलाई गाउँपालिका अनाथालय, अनाथ छात्रवृति तथा आर्थिक सहयोग कार्यक्रम मार्फत सहयोग उपलब्ध गराइनेछ ।

७८. महिला अपाङ्ग बालबालिका जेष्ठ नागरीक दलित लगायत लक्षित वर्गलाई मूलप्रवाहिकरण गर्न सशक्तिकरण एवं सचेतनामूलक कार्यक्रमहरु संचालन गरीनेछ ।

७९. मानव बेचविखन, घरेलु हिंसा, छाउपडी, जातीय भेदभाव तथा छुवाछुत जस्ता सामाजिक कुरुती कुसंस्कार अन्त्य गर्न तर्फ जनचेतनामूलक कार्यक्रम संचालन गरीनेछ

८०. सबै खालका वालश्रमहरु उन्मुलन गर्न शुन्य बालश्रमको नीति अङ्गिकार गरी प्रभावकारी अनुगमन गरीनेछ ।

८१. गाउँपालिका र अन्तरगतका वडा कार्यालयहरुमा स्तनपान कक्ष संचालन गर्दै लगिनेछ

गाउँसभाका सदस्य ज्यू,

८२. भिन्न क्षमता भएका व्यक्तिहरु महिला, दलित, विपन्न बहिस्करणमा परेका समुदायहरुका लागि विशेष सुविधा सहितको चेतनामूलक कार्यक्रम विस्तार गरीनेछ ।

८३. गैर सरकारी संस्थाबाट भएका कामको प्रगति र अनुगमनलाई अनिवार्य बनाइनेछ ।

गाउँसभाका सदस्य ज्यू,

८४. खानेपानीको श्रोत संरक्षण तथा उपयुक्त पूर्वाधार विकास गरी खानेपानीको आपूर्ती व्यवस्था गरीनेछ ।

८५. सबै पालिका बस्तिलाई भरपर्दो शुद्व, गुणस्तरीय खानेपानी सेवाका लागि एकघर एकधाराको नीतिलाई निरन्तरता दिइनेछ ।

८६. खानेपानी आयोजनाहरुलाई स्थायी समितिमा आवद्व गरी मर्मत संम्भार कोषको संचालन गरीनेछ ।

८७. गाउँपालिका क्षेत्र भित्रको प्रत्येक खेती योग्य जमिनमा बाह्रै महिना सिचाइ सुविधा प्रदान गर्नुका साथै कुलो पानीको व्यवस्था गरीनेछ ।

८८. खानेपानी तथा सरसफाइको समस्या समाधानका लागि वृहत खानेपानी तथा सरसफाइ योजना वडा नं. १ लाई आर्थिक वर्ष २०८३।०८४ मा सम्पन्न गरीनेछ ।

८९. खानेपानी सरसफाई तथा स्वच्छता योजना (वास प्लान) लाइ पुर्णता दिई प्राथमिकताका आधारमा आयोजनाहरू कार्यान्वयन गरीनेछ ।

९०. गाउँपालिकालाई पूर्ण सरसफाई युक्त, समुदाय तथा विद्यालयहरुलाई पूर्ण सरसफाई उन्मुख बनाउने, पानीजन्य रोगहरुबाट बच्न वडा तथा समुदायस्तरमा पूर्ण सरसफाई अभियानलाई निरन्तरता दिइनेछ । साथै मुहान, स्रोतहरुको संरक्षण एवम् घरायसी स्तरमा पानीको गुणस्तर परीक्षण तथा पानी शुद्धिकरण प्रविधिको थालनी गरीनेछ । गाउँपालिका अन्तर्गत विगतमा संचालित खानेपानी योजनाहरुको मर्मत सम्भार तथा स्तरोन्नती गर्ने, वस्तीस्तरको आवश्यकता र सम्भाव्यता अध्ययन गरी स-साना खालका खानेपानी योजनाहरु निर्माण गर्न समुदायलाई आवश्यक सहयोग गरीनेछ ।

गाउँसभाका सदस्य ज्यू,

९१. गाउँमा रहेका वेरोजगार व्यक्तिहरुको तथ्याङ्क संकलन गरी अभिलेख व्यवस्थापन गरी श्रममा आधारित काममा परिचालित गरीनेछ।

९२. स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यम पर्वद्धन गर्न सिपमूलक तालिमको व्यवस्था गरी बस्तुको बजारिकरणको व्यवस्था गरीनेछ।

९३. गाउँपालिका भित्रका युवाहरुलाई सैलुन, ड्राइभिङ, प्लम्विङ लगायतका सीपमुलक तालिम दिने कार्यलाई निरन्तरता दिइनेछ।

९४. ख र ग वर्गका अपाङ्गता भएका व्यक्तिले संचालन गरेको उद्योग व्यवसायहरुमा तोकिएको करमा ५० प्रतिशत छुट दिने नीति अवलम्बन गरीनेछ।

९५. रोजगार सेवा केन्द्र मार्फत वैदेशिक रोजगारमा जाने श्रमिकहरुको विवरण संकलन गरी अनिवार्य रुपमा अभिलेख राखि स्वरोजगारीको कार्यक्रमहरु संचालन गरीनेछ।

९६. नवप्रवर्तन साझेदारी परियोजना अन्तरगत अल्लो प्रशोधन कार्यक्रमका लागि उद्यमशीलता विकास, व्यवसाय सम्वर्द्धन केन्द्र सञ्चालन गरीनेछ।

गाउँसभाका सदस्य ज्यू,

९७. सडक तथा यातायात को पहुँच विस्तार गर्दा पानीका श्रोत, बनजङ्गल, प्राकृतिक श्रोत तथा धार्मिक क्षेत्र प्रतिकुल असर नहुने गरी गरीनेछ।

९८. सडक पहुँच नपुगेका बस्तीहरुलाई सडक संजालमा जोड्न गाउँपालिका चक्रपथ तथा हिकिला ब्रहम मन्दिर हुदै शिद्धटोपीसम्म सडक एवं सहायक सडकहरुको विस्तार गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

९९. पर्यापर्यटन, साहसिक पर्यटन र धार्मिक पर्यटनलाई उत्साहजनक रुपमा प्रवर्धन गरीनेछ

१००. लघु उद्यम कार्यक्रम अन्तरगत साबुन, विस्कुट, चप्पलहरु उत्पादन गरी बजारीकरणको व्यवस्था गरीनेछ।

१०१. सबै किसिमका पूर्वाधार निर्माण गर्दा फरक क्षमता भएका व्यक्ति र जेष्ठ नागरीकको पहुँच सुनिश्चितता हुने गरी समावेशी विकासको अवधारणा लाई लागु गरीनेछ।

१०२. गाउँपालिका भित्रको बजारमा संचालित व्यवसायहरुको गुणस्तर र मुल्यसूचीको निरन्तर अनुगमन गरीनेछ।

१०३. भै परि आउने पूर्वाधार निर्माण गर्नका लागि कुल पुँजीगत बजेटको वडास्तरका योजनाका लागि ५ देखि १० प्रतिशत बजेट मर्मत संम्भार कोष स्थापना गरी विनियोजन गरीनेछ।

१०४. उपभोक्ता समितिका पदाधिकारीहरुलाई आधारभूत तालिमको व्यवस्था गरीनेछ।

१०५. गाउँपालिका र वडापालिका जोड्ने सडकहरुको निर्माण कार्य अगाडि बढाइनेछ।

१०६. प्रदेश सरकार र संघीय सरकारको समन्वयमा झोलुङ्गे पुल र आर सि सि पुल निर्माण गरीनेछ।

१०७. गाउँपालिका र अन्तर्गतका वडा कार्यालयहरुमा कार्यरत प्राविधिक कर्मचारीहरु इन्जिनियर, प्राविधिक अधिकृत, सब- इन्जिनियर र असिस्टेन्ट सब इन्जिनियरहरुलाई प्रोत्साहन स्वरुप दिदै आइरहेको प्राविधिक भत्तालाई निरन्तरता दिएको छु।

१०८. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनलाई कार्यान्वयनमा ल्याइनेछ।

१०९. विपद् सचेतनामूलक कार्यक्रम, खोज, उद्धार, राहत सम्बन्धी उपकरण खरिद गरीनेछ।

११०. विपद् जोखिममा रहेका विशेष लक्षित कार्यक्रम संचालन गर्ने र आपतकालिन कार्य संचालन केन्द्रको स्थापना गरीनेछ।

१११. वडा र पालिका स्तरिय विपद् समितिहरुको क्षमता अभिवृद्धी गरीनेछ।

११२. विपद् र महामारीको पूर्वतयारीको लागि वडा स्तरको समेत प्रतिनिधित्व हुने गरी प्रति वर्ष रेस्क्यु टोली गठन र क्रियाशील गरीनेछ।

११३. वन विनास नदी तटीय क्षेत्रको अतिक्रमण बन पैदावार तथा बन्यजन्तुको चोरी निकासी निरुत्साहित गर्दै नदीले कटान गरेका क्षेत्र र बाढीपहिरो गएका क्षेत्रमा वृक्षारोपण गरी बाढी पहिरो नियन्त्रण कार्यलाई अगाडि बढाइनेछ।

११४. विपद्को अवस्थामा तत्काल उद्दारका लागि Rapid Response Team निर्माण गरी आवश्यक सामग्री सहित सुरक्षित बासस्थानको लागि बजेट व्यवस्थापन गरीनेछ।

११५. विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी र द्रुत बनाउनका लागि प्रत्येक वडामा उद्दार समितिको गठन गरी चालु आर्थिक वर्ष भित्रमा नै तालिम प्रदान गरीनेछ।

११६. विपद् प्रभावितहरुलाई तत्काल राहत, औषधीउपचार, खानपान र लत्ताकपडाको व्यवस्थापन गरीनेछ।

११७. विपद् व्यवस्थापन कोषको वृद्धीका लागि सार्वजानिक र निजी र गैर सरकारी संघ संस्था संग समन्वय गरीनेछ।

११८. विपद् व्यवस्थापन संग सम्बन्धित संस्थागत क्षमता विकास गर्नका लागि तालिम तथा प्रशिक्षण आयोजना गरीनेछ।

११९. गाउँपालिकामा विपद् राहत तथा उद्दार सामग्री व्यवस्थापन केन्द्र स्थापना गरीनेछ।

१२०. विपद्बाट प्रभावित नयाँ लाभग्राहीहरुको पहिचान गरी निजहरुको सूची जिल्ला प्रशासन कार्यालय हुदै राष्ट्रिय विपद् प्राधिकरणमा पठाइने व्यवस्था गरीनेछ।

१२१. गाउँपालिका भित्र देखिन सक्ने विपद् पूर्वतयारी, विपद् व्यवस्थापन, विपद् न्यूनिकरण लगायतका विषयहरुलाई समेटी पूर्वतयारी रणनीति तय गरीनेछ।

१२२. गाउँपालिका भित्रका विभिन्न नदीहरु कालागाड, कुकुरेगाड, निजाङगाड र अन्य सहायक नदी एवं खोलाहरु आसपासका क्षेत्र पहिरो भूक्षयको उच्च जोखिमा रहेकाले

त्यस्ता जोखीमहरुको आकलन गरी त्यस्ता ठाउँहरुमा वृक्षारोपण गरी तटबन्ध निर्माण कार्य गर्नका लागि संघ र प्रदेश सरकार समक्ष अनुरोध गरीनेछ।

१२३. विपद् कोष मार्फत विपद् जोखिम न्यूनिकरण तथा प्रतिकार्य योजना तथा कार्यक्रमहरु कार्यान्वयन गरीनेछ।

गाउँसभाका सदस्य ज्यू,

१२४. गाउँपालिका र गाउँपालिका अन्तरगतका कार्यालयबाट दिइने सेवाहरुलाई छिटोछरितो र प्रभावकारी बनाउन नवीनतम प्रविधिको प्रयोगमा जोड दिइनेछ।

१२५. गाउँपालिकाले दिने सेवा सुविधाहरुलाई विद्युतीय माध्यमबाट दिन आवश्यक सूचना प्रणाली र सफ्टवेयरको निर्माण गरीनेछ।

१२६. जनप्रतिनिधि र कर्मचारीहरुलाई सूचना प्रविधिमैत्री बनाउन तालिम तथा अभिमुखीकरण कार्यक्रमहरु संचालन गरीनेछ।

१२७. नवीनतम प्रविधिको प्रयोग गरी गाउँपालिकाबाट प्रदान गरीने सेवाहरु घरबाटै लिन मिल्ने व्यवस्था मिलाउन आवश्यक पहल गरीनेछ।

१२८. कागजरहित सरकारको अवधारणालाई कार्यान्वयनका लागि एकीकृत कार्यालय व्यवस्थापन प्रणाली विकास गर्न आवश्यक पहल गरीनेछ।

१२९. गाउँपालिकाको वेबसाईट र अन्य डिजिटल माध्यम बाट गाउँपालिकाको विस्तृत विवरण तथा सूचनाहरु सार्वजनिक गर्ने प्रक्रियालाई थप सुदृढीकरण गर्दै लगिने छ।

१३०. सूचना माग्ने र पाउने नागरीकको नैसर्गिक अधिकार भएकोले सो को प्रत्याभूति गर्न गाउँपालिकाले आफ्ना गतिविधिहरुलाई विभिन्न माध्यमबाट सहज र सर्भसुलभ रुपमा प्राप्त गर्न सक्ने तथा सार्वजानिक गर्न सक्ने व्यवस्था गरीनेछ।

१३१. सेवा प्रवाहलाई प्रभावकारी बनाउनका लागि सबै वडामा रहेका विद्युतीय प्रणालीलाई अनलाइन गरी गुणस्तरीय र भरपर्दो बनाइनेछ।

१३२. गाउँपालिकामा तिर्नुपर्ने करहरु घरबाटै अनलाइन सेवा मार्फत भुक्तानी गर्न सकिने व्यवस्था मिलाइनेछ।

१३३. प्रत्येक वडा, स्वास्थ्य संस्था र सामुदायिक विद्यालयहरुमा सूचना अधिकारी तोकी नागरीकको सूचनाको हकलाई सुनिश्चित गरीनेछ।

१३४. गाउँपालिका भरी छरिएर रहेका सामुदायिक बनलाई संरक्षण, सम्वर्द्धन गरी हरियाली गाउँपालिकाको आकाङ्क्षालाई साकार गर्न आवश्यक नीति कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

१३५. बन क्षेत्रको बैज्ञानिक एवं दिगो व्यवस्थापन गरी आर्थिक रुपले महत्वपूर्ण बनस्पती तथा जडिबुटीको संरक्षण संवर्द्धन र प्रशोधनमा सामुदायिक बन उपभोक्ता महासंघ नेपाल लगायतका निजी तथा सामुदायिक संस्थाहरुलाई सहभागी बनाइनेछ।

१३६. गाउँपालिका भित्रका विद्यमान जनशक्तीको लेखा परिक्षण संगसंगै कार्यसम्पादनका स्पष्ट सूचकहरु निर्माण गरीनेछ।

१३७. सार्वजानिक खर्चलाई नतिजा संग आवद्ध गर्न मध्यकालिन वित्तिय खाका संग आवद्ध गरीनेछ।

१३८. सूचक तथा परिणामको चेकलिस्ट तयार गरी वार्षिक कार्यक्रम तथा योजना अनुगमन गरीनेछ।

१३९. आन्तरिक लेखा परिक्षणलाई प्रभावकारी बनाई आन्तरिक नियन्त्रण प्रणालीलाई कार्यान्वयनमा ल्याइनेछ।

१४०. रणनैतिक तथा स्थानीय गौरवका आयोजनाहरुलाई बहुवर्षीय रुपमा बजेट विनियोजन गरी पुजिगत खर्चको न्यूनतम ७० प्रतिशत रकम चैत्र मसान्त भित्रै खर्च गर्ने गरी आन्तरिक नियन्त्रण प्रणाली परिचालन गरीनेछ।

१४१. आन्तरिक आय वृद्धिका लागि राजश्व तथा करका विभिन्न क्षेत्रहरुको पहिचान गर्न कर नक्साङ्कन कार्यमा जोड दिइनेछ।

१४२. स्थानीय तहबाट प्रदान गरीने सामाजिक सुरक्षा भत्ता तथा व्यक्तिगत घटना दर्ता सेवालाई थप व्यवस्थित, प्रभावकारी, पारदर्शी तथा प्रविधिको प्रयोगमा आधारित एकिकृत प्रणालीको रुपमा विकास गरीनेछ।

१४३. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीहरुको सूचीको आधारमा प्रत्येक त्रैमासिकको भुक्तानीको विवरण व्यवस्थापन सूचना प्रणाली(MIS) मा प्रविष्ट गरी आद्यवधिक रुपमा विद्युतीय माध्यमबाट भत्ता वितरण गरीनेछ।

१४४. सामाजिक सुरक्षा भत्ता भौगोलिक विकटतालाई मध्यनजर गर्दै बैंकसंग सहकार्य गरी वडा वडामा गएर वितरणको व्यवस्था मिलाइनेछ।

१४५. प्रत्येक शाखा, वडा तथा गाउँपालिका भित्र रहेका कार्यालयहरुको त्रैमासिक प्रगति प्रतिवेदन कार्यपालिकामा पेश गरी सार्वजानिक गरीनेछ।

१४६. सुशासन, पारदर्शिता सर्वेक्षण कार्यलाई अगाडि बढाइनेछ।

१४७. विवाद समाधनका लागि मेलमिलाप तथा मध्यस्तता सेवालाई न्यायिक समिति मार्फत थप प्रभावकारी बनाइनेछ।

१४८. न्यायिक समितिका फैसलाहरुको कार्यान्वयन र सो को अनुगमन गरीनेछ।

१४९. गरीव तथा असाह्य व्यक्तिहरुको न्यायमा सहज पहुँच पुऱ्याउन कानुनी परामर्श तथा सहयोगको व्यवस्था गरीनेछ।

१५०. हिंसा पीडित, अपाङ्गता भएका व्यक्ति, दलित, बालबालिका र जेष्ठ नागरीकलाई सहजीकरण गर्न गाउँपालिकामा हेल्प डेस्क स्थापना गरी सेवा दिने व्यवस्था मिलाइनेछ ।

१५१. स्थानीय मेलमिलाप र मध्यस्तताका लागि आवश्यक नीति, योजना र कार्यविधि निर्माण गरी प्रत्येक वडा कार्यालयहरुमा अभिमूखिकरण तालिम प्रदान गरीनेछ ।

१५२. जनप्रतिनिधि, मेलमिलापकर्ता, कर्मचारी एवं सरोकारवाला नागरीकहरुलाई विभिन्न कानुनी साक्षरतामूलक तालिम संचालन गरीनेछ ।

१५३. न्यायिक इजलासको व्यवस्था गरी समितिमा परेका उजुरीहरुलाई मेलमिलापकर्ता परिचालन गरी सामुदाय स्तरबाटै समाधान गरीनेछ ।

१५४. विद्यालयहरुमा शिक्षक विद्यार्थी कानुनी सचेतनामूलक कार्यक्रम तथा साइबर अपराध र लागु औषध दुर्व्यसन विरुद्ब सचेतनामूलक कार्यक्रम संचालन गरीनेछ ।

१५५. छुवाछुत तथा जातीय भेदभाव न्यूनिकरण सचेतना कार्यक्रम संचालन गरीनेछ ।

१५६. दुहुँ गाउँपालिकाको हालसम्मको बेरुजुको अद्यावधिक लगत तयार गरी सो को फर्स्योट गर्ने साथै बेरुजु आउनै नदिने गरी आन्तरिक नियन्त्रण प्रणालीलाई थप व्यवस्थित बनाइनेछ ।

१५७. सुशासन तथा संस्थागत क्षमता विकासका लागि आवश्यक ऐन, कानुन, नीति नियम, निर्देशिका, कार्यविधि, मापदण्डको तर्जुमा तथा समय सापेक्ष रुपमा संशोधन तथा परिमार्जन गरी आदेशको एकात्मकता कायम गरीनेछ ।

१५८. तिंकर सडक सल्याडि मोड देखि दुहुँ गाउँपालिका वडा नं. ३ को कार्यालय, ब्रहमदेव स्वास्थ्य चौकी हुदै फाराभिटासम्मको प्रर्यटकीय सडकलाई स्तरोन्नती गरिनेछ ।

अन्तमा आगामी आर्थिक वर्ष २०८३।०८४ को वार्षिक नीति तथा कार्यक्रम निर्माणमा सहयोग गर्न हुने सम्पुर्ण जनप्रतिनिधि ज्यूहरु, कर्मचारी ज्यूहरु, विभिन्न माध्यमहरुबाट सल्लाह सुझाव दिनु हुने आम दुहुँ बासी बुद्बीजिवी, समाजसेवी, नागरीक समाज एवं सम्पुर्ण जन समुदायहरुमा विशेष आभार व्यक्त गर्दै **"समृद्व दुहुँ : सुखी दुहुँबासी" र "सामाजिक एकता र आर्थिक समृद्बीको आधार, सुशासन पारदर्शिता र जवाफदेहिता सहितको दुहुँ सरकार"** भन्ने नारालाई सार्थकता तुल्याउन तथा यस नीति तथा कार्यक्रमको अक्षरांश पालना गर्न यहाँहरुको अमुल्य योगदान रहने अपेक्षा गर्दछु ।

## धन्यवाद !